# मर्कूसको सुसमाचार



मर्कूसको पुस्तक येशूले गर्नुभएको र भन्नुभएको कुराहरुको एक रोमाञ्चक द्रुत गतिको विवरण हो। चार सुसमाचार पुस्तकहरु मध्ये यो एक हो। यी चार सुसमाचार मध्ये मर्कूसको पुस्तक चाहिँ सबैभन्दा छोटो र पहिलो लेखिएको पुस्तक हो। मर्कूसको पुस्तकमा भएको धेरैजसो कथाहरु तपाईले अन्य पुस्तकहरुमा पाउनुहुन्छ। मर्कूसले आफ्नो पुस्तकको सुरुवात यसो भन्दै गर्छ, "सुसमाचारको सुरुवात येशू ख्रिष्ट, परमेश्वरको पुत्रको बारेमा हो।" यो नै पहिलो पद हो जुन मर्कूसले आफ्नै विचार प्रस्तुत गरेको छ। यो पहिलो पदपछि, मर्कूसले आफ्नो विचार र व्याख्या गरेको छैन तर जे येशूले गर्नुभयो र भन्नुभयो त्यही कथा बताएको छ।

**लेखक:** मर्कूस भनिने यूहन्ना, जो पावलको साथी, बारनाबासको नातेदार, र पत्रुसको लेखक थिए।

**मीति:** ६०-६९ AD बीचमा लेखिएको थिए।

**मूल दर्शक:** गैर-यहूदीहरु जो येशूको अनुयायीहरु थिए। हुन सक्छ, रोममा भएको मण्डलीको निम्ति।

**यस पुस्तकको मुख्य उद्देश्य:** मर्कूसले मानिसहरुलाई येशू नै ख्रिष्ट, परमेश्वरको पुत्र हुनुहुन्छ भनी जान्न चाहन्छन्। मर्कूसले आफ्नो पुस्तकको सुरुवात येशू नै ख्रिष्ट हुनुहुन्छ भनी आफ्नै गवाहीद्धारा सुरु गरेको छ (१:१)। पुस्तकको बीचमा, पत्रुसले येशूको प्रश्नको जवाफ दिँदै दाबी गर्छ,"तपाई ख्रिष्ट हुनुहुन्छ " (८:२९)। पुस्तकको अन्तमा, एक रोमका सिपाहीले येशूको मृत्यु बारे गवाही दिदै,"साँच्चै नै यी मानिस परमेश्वरका पुत्र रहेछन्।" (१५:३९) मर्कूसले आफ्नो पुस्तकका पठकहरुलाई येशूको चेला हुनुको अर्थ के हो भनी जान्न चाहन्छन्। मर्कूसको कथाले हामीलाई सिकाउँछ कि परमेश्वर आफ्ना मानिसहरुका निम्ति के चाहनुहुन्छ: रुपान्तरित हुनु र नयाँ सृष्टि हुनु, जातीय र सामाजिक सिमाहरु पार गर्नु, गरिबीहरुलाई दया गर्नु, पहाडहरु हटाउने विश्वास हुनु, सतावटहरु सहनु र प्रार्थनामा लागिरहनु। सबैभन्दा महत्वपुर्ण चाहिँ आफ्नो क्रुस भोग्नु र नम्रतासाथ येशूलाई पछ्याउनु (८:३४)।

### मर्कूसको सुसमाचारलाई तीन लामो भागमा रुपरेखा गरेको छ:

1. गलीलमा येशूको सेवाकाई (१:१-८:२६)
2. यरुशालेमको यात्रा (८:२७-१०:५२)
3. यरुशालेममा येशूको शिक्षा, मृत्यु, र पुनरुत्थान (११:१-१६:८)

### मर्कूस सुसमाचारको पुस्तकको अन्त्य

मर्कूसको सुसमाचार धेरै चाँडै समाप्त भएको देखिन्छ। मर्कूसको प्रारम्भिक प्रतिलिपिहरुमा अध्याय १६ को पद ९-२० छैन, जसको अर्थ मर्कूसले सायद यी पदहरु लेखेका थिएनन, तर पछि थपिएका थिए। त्यसैले हामीले मौलिक अन्त्य गुमाएको हुन सक्छ, तर मर्कूसले आफ्नो सुसमाचार पद १६:८ मा समाप्त गरेको हुनसक्छ। सायद मर्कूसले पाठकहरुलाई "अब के भयो"? जस्ता प्रश्नहरु सोधन छोड्नको निम्ति आफ्नो कथा छिटै समाप्त गरेको हुनसक्छ। वा अझ महत्वपूर्ण कुरा, "म अब के गरुँ?"

**मर्कुसको सुसमाचारमा भएको फरक सामग्री**

- मौलाउने बीउको दृष्टान्त (४:२६-२९)
- बहिरो र गुँगो मानिसलाई निको पारेको (७:३१-३७)
- बेथसेदाको अन्धो मानिसलाई निको पारेको (८:२२-२६)
- नुनको बारे भनाई (९:४९-५०)
- भगैंचामा भाग्ने युवक (१४:५१-५२)

## कथा मोमो

चार पटक मर्कूसले एउट कथालाई प्रस्तुत गर्ने भेला जुन पहिलो कथा समाप्त हुन अघि अर्को कथाले बाधित पर्छ। यी कथा मोमोजस्तै हुन्। बाहिर एउटा कथा भित्र अर्को कथाको वरिपरि बेरिएको छ। यो किसिमको शैलीले पठकलाई दुई कथालाई अझ नाजिकबाट हेर्न र तुलाना र विपरीत गर्न मद्दत गर्दछ।



**येशूको परिवारले येशूलाई नियन्त्रण गरे (३:२१)**
धार्मिक अगुवाहरुले येशूलाई बालजिबुलको शात्त्कि प्रयोग गरेको अरोप लगाए (३:२२-३०)
**येशूका परिवार त्यहाँ आएपुग्छ र उसले हाप्कायो (३:३१-३५)**



**येशू याइरस नाम गरेको एक यहूदी शासकको छोरी निको पार्न जानुभएको (५:२२-२४)**
रक्तस्राव भएकी एउटी महिला येशूको वस्त्र छोएर निको हुन्छिन् (५:२२-२४)
**येशूले याइरसकी छोरीलाई मृत्युबाट ब्युँताउनुभयो (५:३५-४३)**



**येशूले आफ्ना चेलाहरुलाई सेवाको निम्ति पठाउनुभएको (६:७-१३)**
हेरोदले बाप्तिस्म दिने यूहन्नालाई कसरी मारेको थिए भनेर मर्कूसले विवरण दिन्छ (६:१४-२९)
**चेलाहरु आफ्नो मिशनको प्रतिवेदनका साथ फर्कन्छ (६:३०)**



**येशूले अञ्जीरको रुखमा केही फल नदेखे पछी त्यो रुखलाई श्राप दिनुभयो (११:१२-१४)**
येशूले मन्दिरमा अक्रमण गर्नुभयो र भन्नुभयो, “डाँकूहरुको अड्डा बनाएको छौ।” (११:१५-१९)
**येशूले श्राप दिनुभएको अञ्जीरको रुख सुकेर मारे (११:२०-२१)**

---

## क्रुसको बाटो

यरुशालेम जाने बाटोमा येशूले तीन पटक आफ्नो मृत्युको भविष्यवाणी गर्नुभयो। तीन पटक सम्म येशूका चेलाहरुले यो कुरा बुझ्न सकेनन् र येशूले तिनीहरुलाई क्रुसमा कसरी हिड्नुपर्ने बारे सिकाउनुभयो। पहिलो पटक भन्दा पहिले, येशूले एक जना अन्धो मानिसलाई निको पार्नुभयो, र तेस्रो पटक पछी, येशूले फेरी अर्को अन्धो मानिसलाई निको पार्नुभयो। यी खण्डहरुले अर्को कथा मोमो बनाउँछ।



**येशूले अन्धो मानिसलाई निको पार्नुभयो (८:२२-२६)**

| | | | |
|---|---|---|---|
| येशूले आफ्नो मृत्युको भविष्यावाणी गर्नुहुन्छ | ८:३१ | ९:३०-३१ | १०:३२-३४ |
| चेलाहरुले गलत बुझ्छन् | ८:३२-३३ | ९:३२-३४ | १०:३५-४० |
| येशूले क्रुसको बाटोमा हिड्न सिकाउनुहुन्छ | ८:३४-३८ | ९:३५-३७ | १०:४१-४५ |

**येशूले अन्धो मानिसलाई निको पार्नुहुन्छ (१०:४६-५२)**

यी प्रत्येक खण्डहरु अध्ययन गर्नुहोस् जब येशूले आफ्नो मृत्युको भविष्यवाणी गर्नुहुन्छ, चेलाहरुले गलत बुझ्छन् र त्यसपछि येशूले तिनीहरुलाई क्रुसको बाटो सिकाउनुहुन्छ। यी खण्डहरुबाट तपाईले येशूको चेला हुनुको अर्थ के भनी बुझ्नुभयो? तपाईको विचारमा किन मर्कूसले यस खण्डको सुरुवात एक अन्धो मानिसलाई निको पारेर र यस खण्डको अन्त्य पनि एक अन्धो मानिसलाई निको पारेर समाप्त हुन्छ?